# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी

प्रदेश नं. १

**बोलपत्र आव्हानको सचना**

प्रथम पटक प्रकाशित मिति : २०७७।०९।१२

यस रामधुनी नगरपालिकाको आ.ब. ०७७।०७८ मा स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका निर्माण कार्य शिलबन्दि वोलपत्रको माध्यम द्वारा गर्नु पर्ने भएको हुदा नेपाल सरकार वाट ईजाजत प्राप्त निर्माण व्यवसायिहरूवाट निम्न शर्तहरूको अधिनमा रहि शिलबन्दि वोलपत्र (E-bid बाट समेत पेश गर्न सकिने) आव्हान गरीएको हुदा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शर्त तथा बन्देजहरु :**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगद बुझाई नगदि रसिद वा यस कार्यालयको नाममा रहेको एन.आई.सि.एसिया बैंक लिमिटेड झुम्काको ग-१.१ अन्तरिक राजस्व खाता नं. ०८९२०५००२७९०८००२ मा नगद जम्मा गरेको सक्कल भौचर साथ निर्माण व्यवसायिले व्यवसायि दर्ता नविकरण गरेको ईजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्रहरुको प्रतीलीपीहरु संलग्न राखि यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन सम्म खरिद गरि खरिद भएको बोलपत्र सम्बन्धी कागजात ३१ औ दिन दिनको १२:०० बजे सम्म रामधुनी नगरपालिका कार्यालय, झुम्काको नाममा सम्बोधन गरी कामको विवरण, वोलपत्र दाताको नाम, ठेगाना र फोन नम्बर समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दि लाहाछाप गरि रामधुनी नगरपालिका कार्यालय, झुम्कामा दर्ता गराउनु पर्नेछ । E-bid को लागी website (www.bolpatra.gov.np) बाट समेत उल्लेखित समयाबधी भित्र बोलपत्र दाखीला गर्न सकिनेछ । साथै बिक्री भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नुपर्ने सम्पुर्ण पानाहरु भरी दर्ता गर्नु पर्नेछ ।

२. दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नु पर्ने दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा रामधुनी नगरपालिका कार्यालय, झुम्कामा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. शिलबन्दी बोलपत्र साथ रामधुनी नगरपालिका कार्यालय, झुम्काको नाममा रहेको एन.आई.सि.एसिया बैक लिमिटेड झुम्काको ग-३ स्थानीय तह धरौटी खाता नं. ०८९२०५००२७९०८००५ मा धरौटी वापतको रकम नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंक बाट क वर्गको मान्यता प्राप्त बाणिज्य बैंक ले रामधुनी नगरपालिका कार्यालय, झुम्काको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

५. प्रीबिड मीटीङ्ग रामधुनी नगरपालिका को कार्यालय मा मिति २०७७/०९/२३ गते हुने छ ।

६. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटम वाइज दर अंक र अक्षर दुवै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाँउमा बोलपत्रदाताको सही छाँप भएको हुनुपर्नेछ ।

७. संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पार्टनर) को हिस्सा कम्तीमा ४० प्रतिशत तथा अन्य साझेदारहरुको हिस्सा कम्तीमा २५ प्रतिशत हुनुपर्नेछ ।

८. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको वा एउटा व्यक्ती वा फर्मको नाम मा खरिद बोलपत्र कागजातमा अर्को ब्यक्तीको फर्मले दर्ता गर्न पाईने छैन पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्ध गरी कालो सुचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफरिस गरिनेछ ।

९. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरु मान्य हुनेछैन ।

१०. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अघि आफनै खर्च र जिम्मेबारीमा स्थलगत भ्रमण गरी कामको बारेमा जानकारी लीनु पर्ने छ ।

११. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

१२. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. संघ तथा प्रदेश अन्तर्गत बाट प्राप्त शर्सत अनुदानको हकमा रकम निकासा प्राप्त भएको आधारमा मात्र भुक्तानी प्रकृया अगाडी बढाइने छ ।

१४. यो सुचना रामधुनी नगरपालिका कार्यालय, झुम्काको website: www.ramdhunimun.gov.np मा समेत राखिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण र संचालन हुने स्थान | ल.ई. रकम कन्टिनजेन्सी र भ्याट बाहेकको रकम रू. | धरौटि रकम रू | वोलपत्र मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | RMY/NCB/Road/02/077/078 | वडा नं. ८ र ९ को डुम्राहा हुदै छप्की पोखरी जोड्ने सडक कालोपत्रे निर्माण ( रामधुनी नगरपालिका वडा नं. ८ को कार्यालय अगाडि को वडा नं. ८ र ९ को मुल सडक को भाग) । | ८,६६४,७३७।९४ | २५०,०००।०० | ३,०००।०० | |
| २. | RMY/NCB/Road/03/077/078 | सिङ्गीया धमौरा सडक कालोपत्रे निर्माण (रामधुनी नगरपालिका वडा नं. २ को धमौरा देखि वडा नं. ३ को सीमा सम्म को भाग) । | ३,४६३,१७६।७५ | १,००,०००।०० | ३,०००।०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | RMY/NCB/Building/04/077/078 | रामधुनी नगरपालिका वडा नं. ७ स्थित वडाका विभिन्न ठाउँमा सामुहिक आवास निर्माण । | ३,९९९,९९६।९२ | १,१५,०००।०० | ३,०००।०० | |
| ४. | RMY/NCB/Building/05/077/078 | मुख्य कार्यालय भवन निर्माण (रामधुनी नगरपालिका वडा नं. ३ स्थित मुख्य कार्यालय भवनको पहिलो तल्ला निर्माण) । | ८६,६४,५६८।१ | २५०,०००।०० | ३,०००।०० | |
| ५. | RMY/NCB/Road/06/077/078 | झुम्का भामारीचोक दकिन मार्ग , वडा नं.२ शिवनगर सीतपुर बाटो कालोपत्रे (रामधुनी नगरपालिका वडा नं. ५ को भमरी चौक डाकिनथान हुदै वडा नं. २ को पर्सागाछिसम्म को भाग) । | ८,६६३,३९१।४८ | २५०,०००।०० | ३,०००।०० | |

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका